श्री ५ को सरकार

## गृह मन्त्रालयको सूचना

### सार्वजनिक उद्यान तथा सभा गृह विकास समिति (गठन) (दोस्रो संशोधन) आदेश, २०४३

सार्वजनिक उद्यान तथा सभा गृह विकास समिति (गठन) आदेश, २०३३ लाई संशोधन गर्न वान्छनीय भएकोले,

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस आदेशको नाम "सार्वजनिक उद्यान तथा सभा गृह विकास समिति (गठन) (दोस्रो संशोधन) आदेश, २०४३" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. सार्वजनिक उद्यान तथा सभा गृह विकास समिति (गठन) आदेश, २०३३ को दफा ३ मा संशोधनः सार्वजनिक उद्यान तथा सभा गृह विकास समिति (गठन) आदेश, २०३३ (यसपछि "मूल आदेश" भनिएको) को दफा ३ को उपदफा (२) को खण्ड (ज) को सट्टा देहायको खण्ड (ज) राखिएको छः–

"(ज) चिफ इन्जिनियर, आवास तथा भौतिक परियोजना विभाग – सदस्य"

३. मूल आदेशको दफा ११ मा संशोधनः मूल आदेशको दफा ११ मा रहेको "गृह पञ्चायत मन्त्रालय" भन्ने शब्दहरूको सट्टा "गृह मन्त्रालय" भन्ने शब्दहरू राखिएका छन् ।

आज्ञाले,
वीरबहादुर शाही
श्री ५ को सरकारको सचिव

६२२



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।